जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः १ संख्याः ६ मितिः २०७५।०४।०१

**भाग- २**

**जीतपुरसिमरा उपमहानगरपालिका**

## बिपद् व्यवस्थापन कोष कार्यविधि, २०७५

**प्रस्तावनाः**

बिपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचनाको निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ। यस्ता प्रकारका बिपदबाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम उपमहानगरपालिकाको कोषमा जम्मा भएको रकम उपमहानगरपालिकाको बिपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि बिपद् व्यवस्थापन कोष कार्यविधि २०७५ बनाई लागु गरिएको छ ।

उद्देश्यः-

(क) बिपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) बिपद्का लागि अत्याधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) बिपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) बिपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त पुर्व सूचना प्रणालीको स्थापना गर्नु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) बिपद्का ब्यवस्थापनलाई उपचार मूलक समेत बनाउनु ।

(झ) बिपद् व्यवस्थापनमा काम गर्ने निकायको बीचमा समन्वय गर्नु ।

(ञ) बिपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु ।

## परिच्छेद एक

## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नामः

१.१ यस कार्यविधीको नाम जीतपुरसिमरा उपमहानगरपालिकाको बिपद् कोष व्यवस्थापन कार्यविधि २०७५ रहनेको छ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद दुई

## परिभाषा

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) बिपद् कोष भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकामा स्थापित बिपद् कोष बुझाउने छ।

(ख) कार्यविधि भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको बिपद् कोष व्यवस्थापन कार्यविधि २०७५ लाई बुझाउने छ ।

(ग) व्यवस्थापन समिति भन्नाले बिपद् कोष व्यवस्थापन कार्यविधि २०७५ सञ्चालन समितिलाई बुझाउछ।

(घ) नगरपालिका भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय, बारालाई बुझाउने छ ।

(ङ) बिपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद्

तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक बिपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ। यसले यस कार्यबिधिको उद्धेश्यसँग सम्बन्धित अन्य अवस्थालाई पनि जनाउने छ ।

(च) प्राकृतिक बिपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन आदि जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) गैर प्राकृतिक बिपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा बिपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक बिपद्को हकमा मदिरा तथा बिष सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) बिपद् व्यवस्थापन भन्नाले बिपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, बिपद् पूर्वतयारी, बिपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) बिपद् जोखिम न्यूनीकरण भन्नाले बिपद् पूर्व गरिने बिपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, बिपद् रोकथाम, बिपद् अल्पीकरण तथा विकास कार्यमा बिपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) पूर्व तयारी भन्नाले बिपद् हुनु पूर्व सम्भावित बिपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र बिपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद तीन

## बिपद् व्यवस्थापन समितिको गठन

३. बिपद् ब्यवस्थापन समिति गठन सम्बन्धी ब्यवस्था ।

३.१ बिपद् व्यवस्थापन कोष कार्यविधि २०७५ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (घ) वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (ङ) जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि | -सदस्य |
| (च) इन्जिनियर प्राविधिक शाखा प्रमुख | -सदस्य |

(छ) नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधि - सदस्य

(ज) उपमहानगरपाललिकाको स्वास्थ्य शाखाको प्रतिनिधि - सदस्य

(झ) नगर प्रमुखले तोकेको नगरसभा सदस्य मध्येबाट कम्तिमा एक जना महिला सहित दुइ जना सदस्य - सदस्य

(ञ) योजना शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता परेमा बिपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ। उपमहानगरपालिकाको नगरप्रमुख अनुपस्थित भएमा नगर उपप्रमुखले संयोजक भै काम गर्न सक्नेछ।

३.२ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. उपमहानगरपालिकाको बिपद् व्यवस्थापन कोषको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

२. उपमहानगरपालिकाको बिपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी नगर सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।

३. बिपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

४. विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी बिपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम सञ्चालन गर्ने ।

५. बिपद्का लागि पूर्व तयारीमा रहने ।

६. बिपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न उपमहानगरपालिका लाई सिफारिस गर्ने।

## परिच्छेद चार

## समितिको बैठकमा गणपुरक संख्या

४. समितिको बैठकमा गणपुरक संख्या तपशिल बमोजिम हुनेछ ।

४.१ समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा संयोजकले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

४.२ व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

४.३ यस समितिका पदाधिकारीले बैठक बसेको दिन कार्यपालिका समेतका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## परिच्छेद पाँच

## कोषको स्थापना र सञ्चालन

५. यस कोषमा देहाय अनुसारको रकम रहने छ ।

५.१ (क) उपमहानगरपालिकाबाट वार्षिक रुपमा बिपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार (संघीय तथा प्रादेशिक) बाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

५.२ कोषको सञ्चालनः- यस कोषको रकम उपमहानगरपालिकाको बिपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ अनुसार खर्च गरिनेछ ।

५.३ कोषमा जम्मा भएको रकमः- यस कोषमा जम्मा भएको रकम बिपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

५.४ लेखा परीक्षणः यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प. शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

५.५ खाता सञ्चालनः यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

## परिच्छेद छ

## उद्धार तयारी व्यवस्थापनः

६. बिपद् व्यवस्थापन

(क) बिपद्को जोखिममा रहेको क्षेत्रको पहिचान गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै बिपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई उपमहानगरपालिकाको बिपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) बिपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय, स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद सात

## आपतकालिन उद्धार तथा राहत वितरणः

९. (क) बिपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. २५०००।०० (पच्चीस हजार मात्र )का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(ख) बिपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. १००००।००( दश हजार मात्र) आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.५०००।००( पाँच हजार मात्र) तथा गोठ नष्ट भएमा रु.३०००।००( तीन हजार मात्र) प्रति परिवार राहत सहयोग उपलव्ध गराउने ।

(ग) बिपद्को घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचारका लागी जान आर्थिक सहयोग बापत प्रति व्यक्ति रु ३०००।०० (तीन हजार मात्र) यातायात खर्च दिइनेछ ।

(घ) बिपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम वडा अध्यक्षले पिडितलाई उपलब्ध गराउन सक्नेछ । यसरि उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजातसहित समितिमा पेश गर्नुपर्नेछ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको १५ दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

तर बिपद परी तत्काल अस्थायी बासस्थान, खाना समेतका ब्यवस्था गर्न आवश्यक देखिएमा सम्बन्धित वडा समितिको सहभागितामा सो कार्य गर्न सकिने छ ।

## परिच्छेद आठ

## अनुगमन तथा प्रतिवेदन सम्वन्धमा

१०. यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि उपमहानगरपालिकाको बाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद नौ

**संशोधन तथा परिमार्जन सम्वन्धमाः**

११. उपमहानगरपालिकाको बिपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद दश

**खारेजी तथा वचाउः**

१२. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय सरकार सञ्चालन ऐन २०७४”, “स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०७४” को नियम तथा अन्य प्रचलित कानुन संग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।

**आज्ञालेः**
नामः शिवकुमार कार्की
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७५।०४।०१ गते ।
पृष्ठ संख्याः ७